# ४२. पूर्णिमाको चन्द्रमा

द्वितीयाको चन्द्रमा र पूर्णमासीको चन्द्रमामा यही अन्तर छ कि द्वितीयाको चन्द्रमामा विकास छ भने पूर्णमासीको चन्द्रमामा ह्रास । यसकारण प्रत्येक आत्माले दूधको चन्द्रमाको जस्तै विकास गर्नुपर्छ । उसको विनाश कहिले नहोस् भनेर कामना गर्नुपर्छ ।

भाइपूजाको पावन पर्व भाइबहिनीबीच स्नेह र आत्मीयताको प्रतीक हो । यस दिनलाई यम द्वितीया पनि भनिन्छ । पौराणिक कथाअनुसार यमुनाले आफ्नो भाइलाई घरमा आउन निम्तो दिन्छिन् तर यम नआएका कारण उनी रूष्ट हुन्छिन् । पछि यमले थाहा पाएर बहिनीको घरमा भोजन गरी बहिनीलाई वरदान माग्न आग्रह गर्छिन् । यमुनाले यो वरदान माग्छन्- आजका दिन जसले यमुनामा स्नान गरी बहिनीलाई वस्त्र आभूषण दिएर सम्मान गर्दछ, उसलाई मृत्युको समेत कष्ट नहोस् ।

भाइबहिनीमा परस्पर प्रेम र स्नेह नै सबभन्दा ठूलो सम्पत्ति मान्नुपर्छ । धनको भन्दा सम्बन्ध र आत्मीयतालाई महत्व दिनुपर्छ । जबसम्म समर्पण भाव हुँदैन, चाडपर्व मनाएको निरर्थक हुन्छ ।

जैन संस्कृतिका अनुसार भगवान् महावीरको निर्वाणपश्चात् सबै मानिस उदास भए। निराश हुँदै सबै आ-आफ्नो घर फर्के तर महावीरका भाइ नन्दीवर्धन शोक सागरमा निमग्न भएर किंकर्तव्यविमूढ भए। अन्न, जल त्यागेर अविरल आँसुको धारा बगाउँदै थिए। सबैले सम्झाउँदा पनि उनी मानेनन्। अन्ततः उनको बहिनी सुदर्शनाले अनुनय-विनय गरेर उसलाई धैर्यशील बनाइयो। उनले सम्झाए कि भगवान् महावीर केवल तिम्रो होइन, सबैको हो। उहाँले मानव कल्याणका लागि जुन उपदेश दिनुभयो, त्यसलाई विश्वको सामुन्ने ल्याऊ। जुन ज्ञानको ज्योति महावीरले जलाउनुभयो, त्यसलाई हामी सबै मिलेर फैलाउनुपर्दछ।

नन्दीवर्धन आफ्नो बहिनीका साथ भोजन गर्दथे। बिदाइ गर्नुपर्दा बहिनीले उसलाई तिलक लगाइदिन्थिन्। उनी दाजुको रक्षा गर्न प्रेरणा र हौसला दिन्थिन्। बहिनीले आफ्नो भाइको भड्केको आत्मालाई सही मार्गमा ल्याउने कार्य गरिन्। त्यस दिनदेखि जैन जगतमा भैया-दूजको नामबाट प्रख्यात भएको मानिन्छ। यो पर्व मूलतः भावनाप्रधान तथा पवित्र स्नेह सम्बन्धको प्रतीक हो।

दूजको चन्द्रमा जस्तै पूर्णमासीको चन्द्रमातर्फ अग्रसर हुँदै सोऱ्हकलाबाट परिपूर्ण हुन्छ। यस्तै प्रकारले आत्मामा ज्ञानको सानो अंकुर पूर्ण जागृत हुँदै पूर्णिमाको चन्द्रमा बन्नुपर्छ। अर्थात् आत्माको शक्ति बढाउनुपर्छ।

हरेक आत्मामा महावीर बन्ने क्षमता छ, मात्र उसलाई जागृत गर्नुपर्छ। सिद्ध, बुद्ध, मुक्तरूपमा प्राप्त गर्नु जरूरी छ।

# ४३. जैन धर्म : जन धर्म

## जन-धर्म

जैन धर्म के हो ? उत्तरमा भन्नुपर्दा जैन धर्म जन धर्म हो । जैन धर्ममा प्रत्येक जीवनको स्वतन्त्र अस्तित्वको प्रतिपादन गरिएको छ तथा सवैप्रति समता र समानताको व्यवहार गर्नुपर्ने कुरा राखिएको छ । जाति, वर्ण, राष्ट्र, भाषा र सम्प्रदायको भेद मानव कल्पित हो । यसको आधारमा कसैलाई हीन र महान् सम्झनु जैन धर्मअनुसार अज्ञानताको परिचायक हो । स्वतन्त्रताको उद्घोषक आजको युगचेतनाको प्रमुख स्वर हो ।

## गुणहरूको पूजा

जैन धर्म गुणहरूको पूजामा बल दिन्छ । *'णमो अरहन्ताणं, णमो सिद्धार्ण, णमो आरियाणं, णमो उवज्झायाणं, णमो लोए सव्वसाहुणं'*, यो जैन धर्मको महामन्त्र हो । यसमा कुनै पनि व्यक्तिलाई नभएर आध्यात्मिक व्यक्तित्वलाई मनन गरिएको छ । अरिहन्त, सिद्ध आदि व्यक्ति होइनन्, अपितु आध्यात्मिक व्यक्तित्वका प्रतीक हुन् ।

## जिन र जैन

राग र द्वेष आदि ग्रन्थहरूका बिजेता जिन हुन्छन् । तिनीहरूबाट प्रतिपादित धर्म जैन धर्म हो । जिन र जैन दुवै आत्मा विजयका परिचायक शब्द हुन् । जैन धर्म आत्मा-जयको सन्देशवाहक हो । अन्तर-ग्रन्थीहरू र विकारहरूमाथि विजय यात्रामा जो अग्रसर हुन्छ, ऊ जैन हो ।

## तीर्थंकरवाद

जैन धर्म अवतारवादी नभएर, तीर्थंकरवादी हो । तीर्थंकरवादीको नियमअनुसार सबै प्राणी उत्थान-पतन एवं सुख-दुःखको लागि स्वयं उत्तरदायी

हुन्छन् । जो आफ्नो पुरूषार्थको सही उपयोग गरेर वीतरागको स्थितिको साक्षात्कार गर्दछन्, ती दोस्राको जीवन-डुङ्गालाई पार लगाउनका निमित्त धर्मरूपी घाटको निर्माण गर्दछन्- तीर्थको प्रवर्तन गर्दछन्, ती तीर्थंकर हुन्छन् । सबै तीर्थंकर मानवबाट महामानव बन्दछन् ।

## भक्त र भगवान्

जैन धर्ममा भक्त र भगवान्को सम्बन्धमा विचार यस्तो छ- प्रत्येक मनुष्य-जीवनमा परमात्माको प्रकाश लुकेको हुन्छ । साधना र तपस्याबाट त्यसको साक्षात्कार गर्न सक्ने सम्भावना सबैमा छ । चेतनाको विकासको उच्चतम भूमिका परमात्माको भूमिका हो । जसै-जसै कर्महरू र संस्कारहरूको बादलरूपी आवरण हट्दै जान्छ, त्यसै-त्यसै परम-आत्मारूपी सूर्य प्रकट भएर आउँछ ।

## सृष्टि-व्यवस्था

सृष्टि अनादि-अनन्त हो । जैन ग्रन्थहरूमा भनिएको छ- 'विश्वमा कुनै पनि वस्तुको न सर्वथा विनाश हुन्छ, न कुनै नयाँ वस्तु उत्पन्न हुन्छ । जड-चेतन पदार्थहरूको पर्याय-परिवर्तन र रूपान्तरणबाट हुन्छ । विश्व व्यवस्थाको सो क्रम चलिरहेको छ । जैन धर्मको यो विचार आधुनिक विज्ञानसित बहुतै नजिक छ ।

## द्वैतवाद

धर्म र दर्शनको क्षेत्रमा द्वैतवाद र अद्वैतवादको चिन्तन एउटा प्रमुख विषय रहेको छ । जुन एक तत्वलाई परम तत्वको रूपमा स्वीकार गर्दछन्, ती अद्वैतवादी हुन् । जुन दुई तत्वहरूलाई मौलिक तत्वको रूपमा स्वीकार गर्दछन्, ती द्वैतवादी हुन । जैन धर्मले जड र चेतन दुवैको स्वतन्त्र अस्तित्व स्वीकार गरेको छ । जड कहिल्यै चेतन हुँदैन, चेतन कहिल्यै जड हुँदैन । यसैले जैन धर्म द्वैतवादी हो । जीव, अजीव, पुण्य, पाप, आश्रव, संवर, निर्जरा, बंध र मोक्ष यी नौ तत्वका आधारभूत तत्व जड र चेतन हुन् ।

## वैज्ञानिक धर्म

जैन धर्मले कारण-कार्यको शृङ्खलाको आधारमा तर्कसंगत र अनुभवगम्य तत्व दर्शन प्रस्तुत गरेको छ । जैन तीर्थंकरहरू र आचार्यहरूले अन्धविश्वासलाई कहिल्यै महत्व दिएनन् । तीर्थंकर महावीरले आफ्ना शिष्य इन्द्रभूति गौतमसित भनेका छन्- 'मैले जुन सत्यको दर्शन गरें, त्यसको साक्षात्कार तिमी स्वयं गर । अनुभवबिनाको आस्था र विश्वासको कुनै महत्व छैन । जैन धर्मको सृष्टिवाद, अनेकान्तवाद एवं परमाणुवाद आदि अनेक सिद्वान्तहरूको आधुनिक विज्ञानसँग आश्चर्यजनक सामञ्जस्य छ ।' एक विद्वान्ले लेखेका छन्- 'जैन धर्मको अनेकान्तवादको सिद्वान्त महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको 'थ्यौरी अफ रिलेटिभिटी' को रूपमा आधुनिक विज्ञानको क्षेत्रमा नयाँ अवतरण भएको छ ।

## पुरूषार्थवाद

धर्मको साथसाथै ईश्वरवाद, भाग्यवाद र देववादको विचार बहुत गहिरो रूपले जोडिएको छ । जैन धर्मअनुसार हरेक व्यक्ति आफ्नो भाग्य-विधाता आफैं हुन् । आफ्नो आचरण र व्यवहारको स्तरमा ऊ जस्तो बीउ रोप्छ, उस्तै फल पाउँछ । परमात्माको स्मरण अवश्य गर्नुपर्दछ । तर, यसको पछाडि याचनाको भाव होइन, प्रेरणाको भाव हुनुपर्दछ । भक्तिभावको अतिरेकबाट अकर्मण्यताको भाव बढ्ने राम्रो कुरा होइन । यसैले भक्तिवादको महत्व स्वीकार गरेर पनि जैन धर्मले पुरूषार्थवादमा जोड दिएको छ ।

## समताको प्रतिष्ठा

जैन आचार शास्त्रको सबभन्दा महत्वपूर्ण सिद्धान्त समतावाद हो । जैन तीर्थंकरहरूले मानसिक र सामाजिक दुवै धरातलमा समताको प्रतिष्ठामा बल दिएका छन् । उनीहरूले आफ्ना दार्शनिक चिन्तनमा सबै प्राणीहरूको आत्माको अस्तित्वका दृष्टिले समान बताए । सामाजिक र संघीय जीवनमा समताको आचरण आवश्यक बताए । यस धर्म संघमा सबै जाति र वर्ण, धनी र गरिब दीक्षित एवं अनुयायी हुने भए । भगवान्